## सिद्ध कुमाख गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### ढोरचौर, सल्यान
### कर्णाली प्रदेश, नेपाल


प.स. २०८१।८२
च.न.

मिति २०८१/०९/११ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।
२. शारदा न.पा. र सिद्ध कुमाख गाउँपालिका बीच साझेदारी कार्यक्रम संचालन सम्वन्धमा ।
३. काजमा गएका कर्मचारी पदस्थापना सहमति सम्बन्धमा ।
४. एम्बुलेन्स चालकको तलब भत्ता वृद्धि सम्बन्धमा ।
५. कार्यविधी स्वीकृत सम्बन्धमा ।
६. स्वस्थ्य चौकी सिद्धेश्वरीको भवन निर्माण स्थान सम्बन्धमा ।
७. आर्थिक सहायता सम्बन्धमा ।
८. एम्वुलेन्स र बस माग सम्वन्धमा ।
९. हे .अ. विन्देश्वरी चन्दको काज अवधि थप गर्ने सम्बन्धमा ।
१०. विविध ।

## प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।

**निर्णय नं १:**

यस अघि मिति २०८१/०८/१२ गते बसेको गाउँ कार्यपालिकाको छैठौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

## प्रस्ताव नं २ सिद्ध कुमाख गाउँपालिका र शा.न.पा. सल्यान बीच साझेदारी कार्यक्रम संचालन सम्वन्धमा।

**निर्णय नं २:**

सिद्ध कुमाख गाउँपालिका र शारदा नगरपालिका बीच साझा सरोकारका विषयहरुको सयुक्त रुपमा सम्बोधन गर्न र अन्तर स्थानीय तह समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन देहाका योजना तथा कार्यक्रमहरुमा साझेदारी गरि संचालन गर्ने निर्णय गरियो ।

१. खरिद सम्बन्धि कर्मचारी क्षमता विकास तालिम
२. खैराबाङ मन्दिरमा प्रतिक्षालय तथा संरचना निर्माण

## प्रस्ताव नं ३ काजमा गएका कर्मचारी पदस्थापना सहमति सम्बन्धमा ।

**निर्णय नं ३:**

सिद्ध कुमाख गाउँपालिका र अन्य स्थानीय तहको दोहोरो सहमतिका आधारमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय द्धारा यस गाउँपालिकामा कामकाज गर्ने गरि खटिएका देहायका कर्मचारीहरुले आफुहरु खटिएकै गाउँपालिका/नगरपालिकामा पदस्थापनाका लागि सहमति पाउँ भनी निबेदन पेश गरेकाले निजहरुलाई कर्णाली प्रदेशको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" को दफा १३६ को उपदफा (२) बमोजिम निज खटिएको कार्यालयमा पदस्थापनाका लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | कर्मचारीको नाम थर | पद/तह | सेवा/समुह | पदाधिकार रहेको स्थानीय तह | पदस्थापना हुने कार्यालय | कामकाजमा खटिएको मिति |
|---|---|---|---|---|---|---|
| १. | देवी वली | सहायक स्तर चौंथो | प्रशासन | सिद्ध कुमाख गाउँपालिका सल्यान | बाँफिकोट गापा रुकुम पश्चिम | २०७८/०८/२० |
| २. | दिपकराज घिमिरे | सहायक स्तर चौंथो | इन्जिनियरिङ | सिद्ध कुमाख गाउँपालिका सल्यान | बिरेन्द्रनगर नगरपालिका | २०७८/१२/१४ |
| | महेन्द्र प्रसाद ढकाल | सहायक स्तर | प्रशासन | सिद्ध कुमाख गाउँपालिका सल्यान | चौकुने गाउँपालिका | २०७८/०९/२८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | चौंथो | | | सुर्खेत | |

**प्रस्ताव नं ४ एम्बुलेन्स चालकको तलब भत्ता वृद्धि सम्बन्धमा ।**

**निर्णय नं ४:**

सिद्ध कुमाख गाउँपालिकामा कार्यरत एम्वुलेन्स चालक प्रकाश बुढाथोकीको तलवमान हालसम्म मासिक रु १८०००/- र प्रोत्साहन भत्ता प्रदान आम्दानीको २० प्रतिशत दिने गरिएकोमा अव उप्रान्त अन्य हलुका सवारी चालकको सरह मासिक रु २५०००/- कायम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ कार्यविधि स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं ५:**

सिद्ध कुमाख गाउँपालिका द्धारा सम्पादन गरिने विभिन्न कार्यहरुको प्रभावकारीताका लागि देहायका कार्यविधिहरु तयार भएकोले स्वीकृत गरि लागु गर्ने निर्णय गरियो ।

१. पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०८१
२. कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि २०८१
३. मर्मत सम्भार कोष संचालन सम्बन्धी कार्यविधि २०८१

**प्रस्ताव नं ६ स्वस्थ्य चौकी सिद्धेश्वरीको भवन निर्माण स्थान सम्बन्धमा ।**

**निर्णय नं ६:**

सिद्ध कुमाख गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम अनुसार सिद्धेश्वरी स्वास्थ्य चौकी भवन निर्माणका लागि रु ८० लाख बजेट विनियोजन भइ लागत अनुमान अनुसार निर्माण कार्य प्रारम्भ गर्नु पर्ने सन्दर्भमा साविक भवन रहेको स्थानमा जग्गा अभाव हुने देखिएकोले सम्बन्धित सेवा क्षेत्रका स्थानीयबासीको निर्णय तथा नजिकको बन समिति समेतको निर्णयको आधारमा उक्त भवन निर्माण डाँडाकटेरी कालालेख सडकको पश्चिम पट्टि पर्ने साइकुमारी गैरा भन्ने स्थानलाई छनौट गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७ आर्थिक सहायता सम्बन्धमा ।**

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | हरिलाल राना | सिद्ध कुमाख ३ सल्यान | मृगौला पिडित | रु २५००० |
| २. | सरस्वती बुढाथोकी | सिद्ध कुमाख १ सल्यान | क्यान्सर पिडित | रु २५००० |
| ३. | निर्मल बुढाथोकी | सिद्ध कुमाख १ सल्यान | वैदेशिक रोजगारीको शिलशिलामा मृत्यू भएको | रु ४०००० |
| ४. | लक्ष्मी रावल | सिद्ध कुमाख १ सल्यान | फोक्सोको अप्रेशन | रु १५००० |
| ५. | शिला बुढाथोकी | सिद्ध कुमाख १ सल्यान | जिब्रोमा समस्या भइ उपचार भैरहेको | रु १५००० |

**प्रस्ताव नं ८ नेपाल भारत मैत्री संघमा एम्वुलेन्स र बस माग गर्ने सम्वन्धमा ।**

**निर्णय नं ८:**

सिद्ध कुमाख गाउँपालका वडा नं ३ मा संचालित श्री निराजन मावि ढोरचौरका लागि विद्यार्थी आवत जावत गर्न एउटा बस र गाउँपालिकाका लागि एउटा एम्बुलेन्स आवश्यक परेकोले नेपाल भारत मैत्री संघमा माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ९ हे .अ. विन्देश्वरी चन्दको काज अवधि थप गर्ने सम्बन्धमा ।**

**निर्णय नं ९:**

खत्याड गाउँपालिका मुगको प.स. २०८१/०८२, च.न. ४०८ को सहमति पत्र र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर सुर्खेतको प.स. ३/१/२०८१/०८२, च.नं ६४८ तथा मिति २०८१/०५/२७ गतेको जानकारी पत्र अनुसार खत्याड गाउँपालिका मुगुमा स्वास्थ्य सेवा ,हे.इ. समुह, सहायकस्तर पाँचौ तह, हेल्थ असिस्टेन पदमा कार्यरत विन्देश्वरी चन्द (क.स. नं. KL0143) काज अवधी मिति २०८१ पौष १० गते समाप्त भएकोले अव उप्रान्त ३ महिनाको लागि पुन: काज थप गरी तलव भत्ता सिद्ध कुमाख गाउँपालकाबाट नै खाने गरी कामकाजमा लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं १० विविध सम्बन्धमा ।**

**निर्णय नं १०:**

क. सिद्ध कुमाख गाउँपालिका ५ दहमा रहेको श्री तारादेवी आधारभूत विद्यालयलाई देहाय बमोजिमका मेशिनरी सामग्री अनुदानमा प्रदान गर्ने निर्णय गरियो ।

तपशिलः

१. कम्प्युटर १ थान

२. कलर प्रिन्टर १ थान

३. सोलार १०० वाट क्षमता

ख. सिद्ध कुमाख १ ज्यामिरेमा रहेको प्रगतिशिल स्वास्थ्य आमा समुहले पञ्चेबाजा तालिममा सहभागि हुन चाहेकोले उक्त तालिममा सहभागि हुदाँ लागेको प्रशिक्षण खर्च,खाना, आवास तथा यातायात खर्च विल भरपाई र तालिममा सहभागि भएको हाजिरीको आधारमा भुक्तानी गरिने निर्णय गरियो ।